जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २७४ २०८३ साल जेठ २७ गते बुधबार (10 June 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : शासकीय सुधारसम्बन्धी १००... ३ पृष्ठमा : निर्वाचन पर्यवेक्षण प्रतिवेदन ... ३ पृष्ठमाविश्व द्वन्द्व ८० वर्षयताकै ...

# प्रहरीले बलपूवर्क ताला तोडेपछी लालपूर्जा माग्दै आन्दोलनरत नगरवासीद्वारा बजार बन्दका साथै अर्धनग्न जुलुस प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, २६ जेठ ।**

लालपूर्जाको माग गर्दै विगत १९ दिनदेखी आन्दोलनरत राजविराज नगरवासीले नगरपालिकाको कार्यालयमा लगाएको ताला प्रहरीले मंगलबार दिउँसो बलपूवर्क तोडेपछी आक्रोसित हुँदै उनीहरु थपआन्दोलित भएका छन् ।

प्रहरीले बल प्रयोग गरि ताला तोडेपछी आक्रोसित बनेका नगरवासीले मंगलबार बजार बन्द गराउनुका साथै चौक चौकमा टायर बालेर उक्त कार्यको बिरोध प्रदर्शन गरे । त्यसलगत्तै घोषित कार्यक्रम अनुसार अर्धनग्न जुलुस प्रदर्शन गर्दै स्थानीय र संघीय सरकारको बिरोध समेत गरे ।

नगरवासीको तर्फबाट गठित जनआन्दोलन परिचालन समितिको नेतृत्वमा स्थानीय कृष्ण मन्दिर परिसरबाट निस्केको अर्धनग्न जुलुस नगर परिक्रमा गरेको थियो ।

नगर परिक्रममाका क्रममा श्रम रोजगार मन्त्री रामजी यादव तथा राजविराज नगरपालिकाका कार्यवाहक मेयर इसरत परविनको राजीनामा माग्दै नाराबाजी गरेका छन् । झण्डै ७० वर्षदेखी लालपूर्जा पाउन नसकेको तथा अहिले लालपूर्जा उपलब्ध गराउन स्थानीय र संघीय सरकार बाधक भएको भन्दै उनीहरुले बिरोध समेत जनाएका हुन् ।

राजविराज स्थापनाकाल देखी नै नगरको मुख्य सडक मेनरोड तथा सडकको दायाँ बाया करिब ७० विगहा क्षेत्रफलमा वसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हाल सम्म लालपुर्जा विहीन छन ।

उक्त जग्गामा वसोवास गर्दै आएकाहरुले आफ्नै लगानीमा घर, पसल लगायतका संरचना बनाएका हुन । पुस्तौ देखी जग्गा उपभोग गर्दै आए पनि कसैको नाममा लालपुर्जा अहिले सम्म बन्न सकेको छैन । यद्धपी नापी कार्यालयले ती मध्येका १७ जनालाई विभिन्न मितिमा आर्थिक लाभ लिएर लालपुर्जा प्रदान गरिसकेको छ ।

नापी कार्यालय राजविराजको २०२८ सालको नापी अनुसार फिल्डबुकमा पनि उक्त जग्गाहरु गाउँ/ब्लकमा रहेको स्पष्ट उल्लेख छ । उक्त जग्गामा वसोवास गर्दै आएकाहरुको नागरिक्तामा समेत वसोवास गर्दै आएको उक्त जग्गा भएको ठाउँको ठेगानामा उल्लेख छ । यस्तै विजुली, खानेपानी, नगरपालिकालाई महसुल र कर तिरेको रसिद पनि छ । तर सबै प्रमाण हुदा पनि लालपुर्जा पाउन नसकेको नगरवासीको गुनासो छ ।

## आगलागीबाट ५ घर नष्ट, ४३ लाख भन्दा बढीको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २६ जेठ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ५ जोगिनिया टोलमा मंगलबार भएको आगलागीबाट ५ वटा घर नष्ट भएका छन् ।

स्थानीय दुखु खंगको घरमा विद्युत सर्ट भई आगो लागेपछि निजसहित पाँच परिवारका पाँच जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट ४३ लाख ९३ हजार पाँच रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता विजय कुमार कार्कीले जानकारी दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार आगलागीबाट दुखु खंगको चार कोठे घर पूर्णरुपमा जलेर नष्ट भएको छ । उक्त आगलागीमा दुई वटा बाखा र एक वटा गाई मरेका छन् भने तीन वटा गाई जलेर घाइते भएका छन् ।

यस्तै लत्ताकपडा, अन्नपात, सुनचाँदी लगायतका सामान गरी सात लाख ८० हजार रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।

त्यसैगरी सदमलाल खंगको घर पूर्णरुपमा जलेर नष्ट हुँदा दुई वटा खसी मरेका छन् । लत्ताकपडा, अन्नपात तथा सुनचाँदीसमेत गरी ११ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

बच्चु खंगको घर तथा घरभित्र रहेका सामान जलेर नष्ट हुँदा ११ लाख ३६ हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । यस्तै लखन खंगको बाँसको टाटी र टिनको छानो भएको दुई कोठे घर पूर्णरूपमा जलेर नष्ट हुँदा आठ लाख ४८ हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

नारायण खंगको घरमा समेत आगलागी भई घरभित्र रहेका लत्ताकपडा, अन्नपात तथा सुनचाँदी जलेर नष्ट हुँदा पाँच लाख २९ हजार पाँच सय रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

स्थानीय बासिन्दा, नेपाल प्रहरी तथा हनुमाननगर कंकालिनी नगरपालिका र कञ्चनपुर नगरपालिकाको दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो ।

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आर्थिक सङ्कट व्यहोर्दै हेटौँडा सिमेन्ट उद्योग

मकवानपुर, २६ जेठ (रासस)।
हेटौँडा सिमेन्ट उद्योगमा दिगो आर्थिक स्रोतको व्यवस्थापन हुन नसक्दा आर्थिक सङ्कटको सामना गर्नु परिरहेको छ। दीर्घकालीन रूपमा आर्थिक स्रोतको व्यवस्थापन नहुँदा समय सिमाभित्र कोइला खरिद गर्न तथा कर्मचारीलाई एक वर्षदेखि मासिक तलबभत्ता उपलब्ध गराउन समस्या भइरहेको हो।

यसअघि उद्योगबाट उत्पादित गुणस्तरीय सिमेन्टको बोरा काठमाडौँ, वीरगञ्ज, हेटौँडा, चितवनको नारायणगढ, पोखरा, धनगढी र विराटनगरमा बिक्री वितरण हुने गरेकामा हाल शून्य अवस्थामा पुगेकाले पनि आर्थिक सङ्कट उत्पन्न भएको हेटौँडा सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक शिवनारायण साहले बताउनुभयो।

उहाँले सोमबार राससससँग कुराकानी गर्दै काठमाडौँ, हेटौँडालगायत अन्य सहरमा थप सिमेन्ट बिक्री गर्न सम्बन्धित डिलर, स्थानीय उपभोक्ता, विकास आयोजना प्रमुखसँग प्रत्यक्ष संवाद गरिरहेको जानकारी दिनुभयो। प्रत्येक बोरा सिमेन्टमा केही प्रतिशत मूल्य घटाइने पनि उहाँले उल्लेख गर्नुभयो।

अहिले करिब ७०-७५ हजार बोरा सिमेन्ट प्याकिङ गरिएको उद्योगका प्रशासन महाशाखाका सहायक प्रबन्धक विकास श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार यहाँबाट उत्पादित प्रत्येक बोरा सिमेन्टको बजार मूल्य रु ७२४ पर्ने उहाँले बताउनुभयो।

हेटौँडा, काठमाडौँ, वीरगञ्ज, पोखरालगायत प्रमुख सहरमा नीजि क्षेत्रबाट उत्पादित सिमेन्टभन्दा यहाँबाट उत्पादित सिमेन्ट प्रतिबोरा रु ७० भन्दा बढी पर्ने गरेको नेपाल पत्रकार महासङ्घ मकवानपुर पूर्वअध्यक्ष महेन्द्र श्रेष्ठले अनुभव सुनाउनुभयो। मूल्य बढी पर्ने भएकाले सिमेन्ट बिक्रीमा कमी आएको हुनसक्ने हेटौँडा उपमहापालिका-११ निवासी उपभोक्ता सीताराम बर्तौलाले बताउनुभयो।

उद्योगका सबै कर्मचारीलाई प्रत्येक महिना सञ्चय कोष कट्टीसहित रु ९५ लाख ७० हजार रकम तलबभत्ताबापत वितरण गर्नुपर्ने जनाउँदै सहायक प्रबन्धक श्रेष्ठले रकम अभावले नियमित तलब दिन नसकिएको धारणा राख्नुभयो।

सिमेन्ट स्थानीयमा बजार आपूर्ति गरी आएको रकमबाट पहिलो चरणमा कर्मचारीलाई तलबभत्ता वितरण गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो। दोस्रो चरणमा तीन हजार मेट्रिकटन कोइला खरिद गर्नेतर्फ पहल भइरहेको सहायक प्रबन्धक श्रेष्ठले राससलाई बताउनुभयो। उहाँका अनुसार भरपर्दो आर्थिक विकल्प नहुँदा कर्मचारीले एक वर्षदेखि नियमित रूपमा तलबभत्ता र औषधिउपचार खर्च पाएका छैनन्।

उद्योगमा अहिले स्थायी सेवाअन्तर्गत १३४, करार तथा सुरक्षामा ५३ र ठेक्केदारमार्फत मजदुरीमा ७० जना कर्मचारी कार्यरत रहँदै आएका उद्योग व्यवस्थापनले जनाएको छ। उद्योगमा साविक सिमेन्ट उत्पादन गर्ने क्षमता दैनिक १८ हजार बोरा रहे पनि विभिन्न उपकरण जीर्ण हुँदै जाँदा हाल दैनिक १२ हजार बोरा मात्र सिमेन्ट उत्पादन भइरहेको सहायक प्रबन्धक श्रेष्ठले जानकारी दिनुभयो।

तत्कालीन श्री ५ को सरकारले विसं २०३३ मा हेटौँडाको लामसुरेमा हेटौँडा सिमेन्ट उद्योगको स्थापना गरेको हो। उद्योगलाई तत्कालीन सरकारले एसियाली विकास बैंकको लागत सहयोगमा रु एक अर्ब ५० करोड लगानी गरेको थियो।

# शासकीय सुधारसम्बन्धी १०० कार्यसूची कार्यान्वयनमा सञ्चार मन्त्रालयको उल्लेख्य प्रगति

काठमाडौँ, २६ जेठ (रासस)।
शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीअन्तर्गत सूचना तथा सञ्चार मन्त्रालयबाट सञ्चालन भइरहेका कार्यक्रममध्ये अधिकांश सम्पन्न भएका छन्। मन्त्रालयले त्यस्ता कार्यक्रमहरूको प्रगति समीक्षा गर्दै अधिकांश कार्यहरू सम्पन्न भई कार्यान्वयनको चरणमा पुगेको जनाएको हो।

सेवा प्रवाहलाई सरल, छिटो, पारदर्शी तथा नतिजामुखी बनाउने उद्देश्यले अघि सारिएका सुधार कार्यक्रमहरूलाई तोकिएको समय अगावै कार्यान्वयनमा लगिसक्न सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले निर्देशन दिनुभयो। कार्यान्वयनका क्रममा कुनै समस्या देखिए सम्बन्धित निकायसँग समन्वय गरी तत्काल समाधानका लागि पहल गर्नसमेत उहाँले निर्देशन दिनुभयो।

सरकारले नतिजामा आधारित शासकीय व्यवस्थापन लागू गर्ने उद्देश्यसहित प्रत्येक मन्त्रालयलाई प्रमुख १० कार्य पहिचान गरी कार्ययोजना तयार गर्न निर्देशन दिएको थियो। सञ्चार मन्त्रालयले तोकिएको समयभित्र आफ्नो कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुझाएको छ। मन्त्रालयका अनुसार ती कार्यको नियमित प्रगति समीक्षा हुने गरेको छ।

सेवा प्रवाहलाई सरल, छिटो र परिणाममुखी बनाउने उद्देश्यले 'बिजनेस प्रोसेस रिइन्जिनियरिङ' कार्यक्रमअन्तर्गत गठन गरिएका समितिहरूले आफ्नो प्रारम्भिक काम पूरा गरेका छन्। समितिले मन्त्रालयका विद्यमान प्रक्रिया अध्ययन गरी अनावश्यक चरण हटाउने तथा सेवा सरलीकरणका लागि प्रतिवेदनको मस्यौदा तयार गरिसकेका छन्। यसमा सुझाव सङ्कलनको काम सम्पन्न भएको छ भने आवश्यक कानुनी संशोधनको आवश्यकता पहिचान भएमा थप प्रक्रिया अघि बढाइने मन्त्रालयको भनाइ छ। यस कार्यक्रमका अधिकांश सूचक पूरा भइसकेका छन्।

त्यस्तै, कर्मचारी प्रशासन सुधारतर्फ पनि मन्त्रालयले उल्लेखनीय प्रगति हासिल गरेको छ। आर्थिक अनियमितता, ढिलासुस्ती र सेवाग्राहीप्रति असहज व्यवहार न्यूनीकरण गर्ने उद्देश्यले मन्त्रालयले कर्मचारी आचारसंहिता तयार गरी लागू गरिसकेको छ। सबै कर्मचारीबाट हस्ताक्षरसहित प्रतिबद्धता पत्र सङ्कलन गरिएको छ। यद्यपि कर्मचारीको कार्यसम्पादनलाई नतिजासँग जोड्ने महत्त्वपूर्ण कार्यक्रम अझै पूर्ण हुन सकेको छैन। प्रत्येक पदका लागि वस्तुनिष्ठ कार्यसम्पादन सूचक तयार गर्ने काम अन्तिम चरणमा पुगेको छ।

त्यस्तै, फ्रन्ट डेस्कमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक विवरण सङ्कलन र तालिम आवश्यकताको सूची तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको छ। डिजिटल प्रशासन र कार्यालय पुनर्संरचनातर्फ पनि मन्त्रालयले उल्लेख्य प्रगति हासिल गरेको छ। यसले भविष्यमा सेवा प्रवाहलाई अझ छरितो, पारदर्शी र 'ट्र्याकिङ' गर्नेगरी बनाउने अपेक्षा गरिएको छ।

नागरिक गुनासो व्यवस्थापन प्रणालीको क्षेत्रमा पनि मन्त्रालयले संरचनागत काम पूरा गरेको छ। गुनासो व्यवस्थापन समिति गठन भइसकेको छ भने फोन, मोबाइल एप, पोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्ने बहुच्यानल प्रणाली सञ्चालनमा ल्याई काम गर्ने मन्त्रालयले तयारी गरिरहेको छ।

सरकारको एक सय दिने कार्यसूचीमा सबैभन्दा महत्त्वाकांक्षी कार्यक्रमका रूपमा रहेको हुलाक सेवालाई 'गभर्नमेन्ट कुरियर सर्भिस' मा रूपान्तरण गर्ने योजना पनि कार्यान्वयनका अन्तिम चरणमा छ। हालसम्म विभिन्न ६२ वटा जिल्लाबाट हुलाकले सरकारी कागजात व्यक्तिको घरसम्मै पुर्याउन थालिसकेको छ। अरु बाँकी जिल्लामा पनि केहि दिनभित्रै यो सेवा शुरु भइसक्ने हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले बताउनुभयो। त्यस्तै, डाँक रेखा पुनरावलोकनको काम सम्पन्न भइसकेको छ। जसबाट सेवा प्रवाहको समय तथा लागत घटाउन सहयोग पुगेको छ। घरदैलोमा राहदानी सेवाअन्तर्गत ६० हजार ४४६ राहदानी हुलाकमार्फत् जिल्लामा ढुवानी गरिएको छ भने तीन हजार ११३ राहदानी सेवाग्राहीको घरसम्म पुर्याइएको छ। ६२ जिल्लामा सेवा विस्तार भइसकेको छ।

त्यसैगरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा १७ अस्पतालबाट ८३५ वटा स्वास्थ्य परीक्षण नमुना ढुवानी गरिएको छ। यातायात व्यवस्था विभागबाट प्राप्त ५ लाख ५३ हजारभन्दा बढी सवारी चालक अनुमतिपत्र सम्बन्धित जिल्लामा पठाइएको छ भने चार जिल्लामा घरदैलो वितरणको परीक्षण समेत भइरहेको छ। शैक्षिक प्रमाणपत्र ढुवानी कार्यक्रम पनि शुरु भएको छ। राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रम भने सम्बन्धित विभागबाट कार्ड उपलब्ध नभएकाले अघि बढ्न सकेको छैन। त्यस्तै नेपाल टेलिकमको सिमकार्ड वितरण कार्यक्रम पनि टेलिकमबाट सामग्री प्राप्त भएपछि मात्र सञ्चालन हुने बताइएको छ।

# आगामी दशकलाई 'आन्तरिक रोजगारी प्रवर्द्धन दशक'का रूपमा मनाउने श्रममन्त्री यादवको घोषणा

काठमाडौँ, २६ जेठ (रासस)।
युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले आगामी १० वर्षलाई 'आन्तरिक रोजगारी प्रवर्द्धनको दशक'का रूपमा मनाउने घोषणा गर्नुभएको छ।

स्वीट्जरल्यान्डको जेनेभामा आयोजित ११४औँ अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को सम्मेलनमा सोमबार सम्बोधन गर्दै उहाँले नारामा मात्र सीमित नभई नेपाली युवाहरूको आकाङ्क्षा पूरा गर्न एक उत्पादनशील र समावेशी श्रमबजार निर्माण गर्ने १० वर्षे कार्ययोजना बनाइएको उल्लेख गर्नुभयो।

मन्त्री यादवले 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) सँगै प्रविधिमा आएको परिवर्तन, जलवायु परिवर्तन र श्रम गतिशीलताका कारण विश्वव्यापी श्रम बजारमा नयाँ चुनौती थपिएको बताउनुभयो। उचित योजना नभएमा यी परिवर्तनहरूले असमानता र सीपको खाडल बढाउन सक्ने जोखिम औँल्याउँदै उहाँले मानवीय मर्यादा र सामाजिक न्याय सुनिश्चित गर्न प्रभावकारी त्रिपक्षीय सहयोग र आइएलओको भूमिका महत्त्वपूर्ण हुने धारणा राख्नुभयो।

डिजिटल अर्थतन्त्र र युवा स्वरोजगारका लागि नेपालले प्रविधि र नीतिगत सुधारमार्फत स्वदेशमै रोजगारी दिने लक्ष्य राखेको मन्त्री यादवको भनाइ थियो। सरकारले एआई पूर्वाधार, डिजिटल 'स्टार्टअप' र 'रिमोट वर्क'लाई प्रवर्द्धन गर्न लगानी गरिरहेको जानकारी दिनुभयो। उहाँले 'गिग इकोनोमी' र डिजिटल माध्यमबाट हुने कामका लागि स्पष्ट सम्झौता, डेटा गोपनीयता र व्यावसायिक सुरक्षा सुनिश्चित गर्न अन्तरराष्ट्रिय मापदण्डको आवश्यकता रहेकोसमेत उल्लेख गर्नुभयो।

मन्त्री यादवले 'केयर इकोनोमी' र कानुनी सुधार नेपालले इतिहासमै पहिलोपटक एकीकृत 'राष्ट्रिय केयर इकोनोमी नीति' निर्माण गर्न लागेको जानकारी दिनुभयो। यसका साथै श्रम क्षेत्रलाई थप व्यवस्थित बनाउन 'श्रम निरीक्षण महासन्धि १९४७' र 'बाध्यकारी श्रम प्रोटोकल २०१४' अनुमोदनका लागि सङ्घीय संसदमा पेस भइसकेको उहाँले बताउनुभयो।

आप्रवासी कामदार र आप्रवासी कामदारको हकहितका लागि शून्य सहनशीलता नीति नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै मन्त्री यादवले भर्ना प्रक्रिया, उचित पारिश्रमिक र सुरक्षा सुनिश्चित गर्न सम्पूर्ण आप्रवासन प्रणालीलाई डिजिटल बनाउन लागिएको जानकारी दिनुभयो। उहाँले गैरआवासीय नेपाली (डायस्पोरा) र फर्किएका आप्रवासीहरूको सीप, अनुभव र बचतलाई देशको विकासमा जोड्न सरकार प्रतिबद्ध रहेको र उनीहरूको आर्थिक-सामाजिक पुनःएकीकरणलाई प्राथमिकता दिइने बताउनुभयो।

मन्त्री यादवले श्रम शोषण र बाध्यकारी श्रममा सरकारको 'शून्य सहनशीलता' (जिरो टलरेन्स) नीति रहेको स्पष्ट पार्नुभयो। मन्त्रालयको नाममा सुधार गरी 'युवा, श्रम तथा रोजगार मन्त्रालय' बनाइएको उल्लेख गर्दै उहाँले कामको भविष्य र युवाको भविष्य एकापसमा जोडिएको बताउनुभयो।

मन्त्री यादवले मानिसको सेवा, मर्यादित रोजगारी सृजना र सुरक्षित आप्रवासन सुनिश्चित हुने आधार निर्माणका लागि सबै आइएलओ सदस्य राष्ट्रहरूलाई मिलेर काम गर्न आह्वान गर्नुभयो।

# स्वीकृतभन्दा बढी शय्या सञ्चालन गर्ने मेडिकलबाट बेरुजु रकम असुल गरिने

काठमाडौँ, २६ जेठ (रासस)।
स्वीकृति पाएकोभन्दा बढी शय्या थपेर सञ्चालन गरिरहेका मेडिकल कलेजमाथि सरकारले कारबाही प्रक्रिया सुरु गरेको छ। आफैँ शय्या थपेर सञ्चालन गरिरहेका मेडिकल कलेजबाट बढी भएको रकम असुली गरिने स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको हो।

मन्त्रालयले त्यस्ता मेडिकलबाट करिब रु एक करोड ७८ लाख ४४ हजार बेरुजु रकम रहेकाले उक्त रकम उठाउने तयारी थालेको जनाएको छ। स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले स्वास्थ्य क्षेत्रका बेथितिहरू क्रमशः हटाउँदै जाने क्रममा पाँच वर्षअघिको बेरुजु असुल गर्नेगरी काम सुरु गरिएको बताउनुभयो।

उहाँले बढी भएको रकम असुली गर्ने कार्य सुरु भइसकेको जनाउँदै थप कलेजहरूका अन्य क्रियाकलापका बारेमा पनि सरकारले अनुगमन गरिरहेको उल्लेख गर्नुभयो। "राजधानीसहित देशका विभिन्न भागमा सञ्चालित ११ वटा मेडिकल कलेजले स्वीकृति पाएभन्दा बढी शय्या थपेर अतिरिक्त आम्दानी गरिरहेका छन्। तर कर तथा दस्तुर भने स्वीकृत शय्या सङ्ख्या बराबरको मात्र बुझाउने गरेका छन्", उहाँले भन्नुभयो।

महालेखा परीक्षकको प्रतिवेदनले करिब पाँच वर्षअघि मेडिकल कलेजको यो प्रवृत्तिबारेमा जानकारी गराएर ती मेडिकल कलेजबाट असुल उपर गर्नुपर्ने रकम उल्लेख गरेको थियो। सोही आधारमा स्वास्थ्य मन्त्रालयले थपिएका शय्या सङ्ख्या बराबरको दस्तुरबापतको थप रकम बेरुजुका रूपमा सङ्कलन गरी सञ्चित कोषमा दाखिला गर्न लागेको जनाएको छ।

स्वीकृतभन्दा बढी शय्या राखी कमाउने मेडिकल कलेजमा भरतपुरको चितवन मेडिकल कलेज, ललितपुरको मेडिसिटी मेडिकल कलेज, पोखराको गण्डकी मेडिकल कलेज, विराटनगरको नोबेल मेडिकल कलेज तथा काठमाडौँको नेपाल मेडिकल कलेजले आर्थिक वर्ष २०७६/७७ देखि शय्या थप गरेकाले सोही समयदेखिको बेरुजु रकम असुल उपर गरिने मन्त्रीमेहताले जानकारी दिनुभयो।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# निर्वाचन पर्यवेक्षण प्रतिवेदन : मतदान केन्द्र पुनरावलोकन गर्न माग

काठमाडौं, २६ जेठ (रासस)। आवधिक निर्वाचनका क्रममा उपयोग गरिने मतदान केन्द्र पुनरावलोकन गरिनुपर्नेमा सरोकार भएका निकायका प्रतिनिधिहरुले जोड दिएका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को लैङ्गिक अपाङ्गता तथा समावेशी दृष्टिकोणबाट निर्वाचन पर्यवेक्षणको प्रतिवेदन अनावरण गर्न महिला, कानुन र विकास मञ्चले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा मतदान केन्द्र पुनरावलोकन गरी सहज स्थानमा स्थानान्तरण गरिनुपर्नेमा जोड दिइएको हो । मञ्चलगायत १५ वटा संस्थाले लैङ्गिक अपाङ्गता तथा समावेशी दृष्टिकोणबाट निर्वाचन पर्यवेक्षण गरेको जानकारी पनि कार्यक्रममा गराइएको थियो ।

त्यस अवसरमा निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरले मतदानस्थल तथा मतदान केन्द्रको पुनरावलोकन सुरु भइसकेको बताउनुभयो । पहुँच हुन नसक्ने मतदान केन्द्रका बारेमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत आयोगमा जानकारी पठाउन सकिने उहाँले बताउनुभयो ।

आयोगले मस्यौदा गरी सङ्घीय संसद्मा प्रवेश गरेको विधेयकमा प्रत्यक्ष निर्वाचनमै ३३ प्रतिशत महिला निर्वाचित हुने गरी कानुनी व्यवस्था मस्यौदा गरी पठाइएको उहाँको भनाइ छ । १५ वटा संस्थाले निर्वाचन पर्यवेक्षण गरी पठाएको प्रतिवेदन आयोगको अमूल्य सम्पत्ति हुने र यसका आधारमा आगामी निर्वाचनमा सुधारका काम गरिने प्रतिबद्धता आयुक्त तुलाधरको थियो ।

समयअनुसार प्रविधिको प्रयोग बढाउने, निर्वाचनमा खटिने कर्मचारी तथा स्वयंसेवकहरुका लागि लैङ्गिक, अपाङ्गता तथा समावेशीकरणसम्बन्धी तालिमलाई संस्थागत गर्ने र लैङ्गिक, अपाङ्गता तथा समावेशी सूचकका आधारमा वर्गीकृत निर्वाचन तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रकाशनलाई थप सुदृढ बनाउने उहाँले बताउनुभयो । महिला, युवा, अपाङ्गता भएका व्यक्ति, दुर्गम क्षेत्रका नागरिक तथा अन्य सीमान्तकृत समुदायलाई लक्षित विशेष मतदाता शिक्षा कार्यक्रम विस्तार गरिने उहाँको भनाइ थियो ।

मञ्चको नेतृत्वमा विभिन्न १५ वटा गैरसरकारी संस्थाले तयार पारेको निर्वाचन पर्यवेक्षणको प्रतिवेदनका बारेमा अधिवक्ता सागर पाठकले प्रस्तुती दिनुभएको थियो । निर्वाचन हरित निर्वाचन, शान्तिपूर्ण र निष्पक्ष ढङ्गले सम्पन्न भए पनि लैङ्गिक, अपाङ्गता तथा समावेशीमैत्री प्रक्रियामा भने धेरै सुधार गर्नुपर्ने देखिएको उहाँले उल्लेख गर्नुभयो ।

मतदान हुनु अघिको मतदानस्थल, मतदानको समय र मतगणनाको अवस्थालाई जेड-सी (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) विधिबाट पर्यवेक्षण गरी प्रतिवेदन तयार गरिएको उहाँले बताउनुभयो । सात प्रदेशका २३ जिल्लाका ५५ स्थानीय तहको ४६ निर्वाचन क्षेत्रमा रहेको १५६ मतदान केन्द्रको प्रत्यक्ष अवलोकन गरेर प्रतिवेदन तयार पारिएको पाठकले बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता मीरा ढुङ्गाना, आयुक्त डा तुलाधर, मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सबिन श्रेष्ठ र अर्पणा श्रेष्ठले संयुक्त रुपमा प्रतिवेदन अनावरण गर्नुभयो । निर्देशक श्रेष्ठले मतदान केन्द्र पर्याप्त सूचनाबाट वञ्चित रहेकाले आउँदा दिनमा त्यसलाई निर्वाचन आयोगले सुधार गर्ने विश्वास व्यक्त गर्नुभयो ।

अधिकांश मतदान केन्द्रमा महिला र पुरुषको लाइन बेग्लाबेग्लै भए पनि अन्यलाई बेवास्ता गरिएको, प्राथमिक उपचारको व्यवस्था नभएको, पिउने पानी, स्तनपान कक्ष, आराम कक्ष नभएको, मतदानस्थल अपाङ्गतामैत्री नभएको र मतदानपछि फर्किने बाटोमा वृद्धा र अशक्तका लागि ध्यान नपुऱ्याइएको कार्यकारी निर्देशक श्रेष्ठको भनाइ थियो । अबका दिनमा निर्वाचन आयोगले यस्ता कुरामा ध्यान पुऱ्याउने उहाँको विश्वास थियो ।


श्री जनता राष्ट्रिय आधारभूत विद्यालय

SHREE JANTA RASTRIYA ADHARBHUT SCHOOL

MAHADEVA RURAL MUNICIPALITY 5 DHIKULI SAPTARI

MADHESH PROVINCE NEPAL

Estd. 2062

Emis Code : 150150001

पत्र संख्या : २०८२/०८३

चलानी नम्बर : ३१

मिति: २०८३/०२/२६

**विषय : विज्ञापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा महादेवा गा.पा.को कार्यालय बथनाहा सप्तरीको च.नं.१२७३ मिति २०८३ ०२ २५ गतेको प्राप्त विज्ञापन अनुमति पत्र तथा यस विद्यालयको वि.व्य. स.मिति २०८३/०२/२५ गते बसेको बैठकको निर्णय अनुसार विद्यालयमा रिक्त रहेको विद्यालय सहयोगी (का.स.) कोटा संख्या १ (एक) पदमा नियुक्ति गर्न विद्यालयबाट स्वीकृत शिक्षक तथा विद्यालय कर्मचारी कार्यविधि २०८२ र प्रचलित शिक्षा ऐन तथा नियमावलीको परिधि भित्र रही इच्छुक उम्मेदवारहरुबाट पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिमको कागजातहरु सहित दरखास्त दिने मिति २०८३/०२/२६ गते देखि १५ दिनको सूचना म्याद राखी विज्ञापन प्रकाशित गरिएको छ ।

१. विज्ञापन नं. ०१–२०८२/०८३

२. पद संख्या :–०१ (एक)

३. पद : कार्यालय सहयोगी (का.स.)

४. शैक्षिक योग्यता : साधारण लेखपढ ।

५. उमेर : पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।

६. दरखात दस्तुर रु ७००। (सात सय मात्र )

७. परीक्षाको किसिम : छनौट समितिले तोके बमोजिम ।

८. तलब स्केल : नेपाल सरकारले तोके बमोजिम ।

९. दरखास्त बुझाउने समय : विद्यालयको समयमा ।

१०.दरखास्त दिने मिति : २०८३/०२/२६ गते देखि २०८३/०३/०९ गते सम्म ।

११. सम्पर्क मिति : २०८३/०३/१०

१२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु :

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि थान –२ प्रति

२. शैक्षिक योग्यताको प्रतिलिपि थान –२ प्रति

३. पासपोर्ट साइजको फोटो –२ प्रति

सम्पर्क नं.९८०७७५२६७६

अजित कुमार झा

प्रधानाध्यापक


# विश्व समाचार

## विश्व द्वन्द्व ८० वर्षयताकै उच्च

ओस्लो, २६ जेठ (रासस/एएफपी) ।

विश्वभर सन् २०२५ मा राज्य-सम्बन्धित सशस्त्र द्वन्द्व ऐतिहासिक उच्च स्तरमा पुगेको नर्वेको एक नयाँ प्रतिवेदनले देखाएको छ । प्रतिवेदनअनुसार दोस्रो विश्वयुद्धपछि पहिलो पटक एकै वर्षमा यति ठूलो सङ्ख्यामा द्वन्द्व र नागरिकमाथि आक्रमण दर्ता भएको हो । यसले विश्वव्यापी सुरक्षा अवस्था अत्यन्त चिन्ताजनक बनेको सङ्केत दिएको छ ।

नर्वेको ओस्लोस्थित शान्ति अनुसन्धान संस्था द्वारा प्रकाशित वार्षिक 'द्वन्द्व प्रवृत्ति' प्रतिवेदनले सन् २०२५ मा कम्तीमा एउटा राज्य संलग्न ६५ वटा सशस्त्र द्वन्द्व विश्वभर दर्ता गरिएको जनाएको छ । यो सङ्ख्या सन् १९४६ यताकै सबैभन्दा उच्च रहेको प्रतिवेदनको निष्कर्ष छ ।

प्रतिवेदनमा भारत-पाकिस्तान, अफगानिस्तान-पाकिस्तान, कम्बोडिया-थाइल्यान्डबीचका सीमा तनावसँगै रुसको युक्रेनमाथिको आक्रमण र सिरियामा इजरायली सैन्य कारबाहीजस्ता घटनाले विश्वमा राज्य-राज्यबीचका द्वन्द्वलाई ८० वर्षयताकै उच्च विन्दुमा पुऱ्याएको उल्लेख गरिएको छ ।

अनुसन्धानकर्ता सिरी आस रुस्तादले एएफपीसहितका सञ्चारमाध्यमसँग कुरा गर्दै पछिल्लो वर्षको अवस्था अत्यन्त निराशाजनक रहेको बताउनुभयो । उहाँले सामान्यतया केही सकारात्मक प्रवृत्ति देखिने भए पनि यसपटक तथ्याङ्क असामान्य रूपमा उच्च रहेको टिप्पणी गर्नुभयो ।

प्रतिवेदनअनुसार शीतयुद्धको अन्त्यपछिको अवधि हेर्दा सन् २०२५ तेस्रो सबैभन्दा घातक वर्ष बनेको छ । सो वर्ष करिब दुई लाख ४५ हजार मानिसको मृत्यु प्रत्यक्ष लडाइँ वा राजनीतिक हिंसासँग सम्बन्धित घटनामा भएको अनुमान गरिएको छ । तीमध्ये करिब ७६ हजार ५०० घटना नागरिकलाई लक्षित आक्रमणका रूपमा दर्ता भएका छन् । यो सन् २०२४ को १४ हजार २०० भन्दा धेरै गुणा बढी हो ।

विशेषगरी सुडानमा सेनाबीचको द्वन्द्वले ठूलो मानवीय सङ्कट निम्त्याएको प्रतिवेदनले औँल्याएको छ । डार्फर क्षेत्रको एल-फासेर सहरमा भएको घेराबन्दी र हिंसात्मक घटनाका कारण मात्र करिब ६० हजार मानिसको मृत्यु भएको अनुमान गरिएको छ । यसलाई पछिल्ला दशकहरूकै सबैभन्दा गम्भीर नागरिक क्षति भएका घटनामध्ये एकका रूपमा लिइएको छ ।

प्रतिवेदनले शीतयुद्धपछि सन् १९९४ को रुवान्डा नरसंहार र सन् २०२१ को इथियोपियाको टिग्रे युद्धपछि यति ठूलो मात्रामा रक्तपात देखिएको यो तेस्रो ठूलो चरण भएको उल्लेख गरेको छ । विश्लेषकहरूले अफ्रिका सबैभन्दा बढी प्रभावित क्षेत्र बनेको बताएका छन्, जहाँ राज्य-सम्बन्धित २९ वटा प्रमुख द्वन्द्व दर्ता गरिएको छ । त्यसपछि एसिया, मध्यपूर्व, अमेरिका र युरोप रहेका छन् ।

सिरी आस रुस्तादले पछिल्ला पाँच-छ वर्षमा एकै समयमा धेरै ठूला द्वन्द्व सक्रिय रहेको र ती एक-अर्कासँग जोडिँदै विश्वव्यापी तनाव झन् गहिरिँदै गएको बताउनुभयो । उहाँका अनुसार विश्व अहिले निरन्तर उच्च तीव्रताको द्वन्द्व चक्रमा फसेको छ, जुन पहिलेको अवस्थाभन्दा फरक र झन् जटिल बनेको छ ।

प्रतिवेदनले उप्पसाला द्वन्द्व तथ्याङ्क कार्यक्रम र उप्पसाला विश्वविद्यालयद्वारा सङ्कलित तथ्याङ्कलाई आधार बनाएको हो । यसले सशस्त्र हिंसालाई तीन श्रेणीमा विभाजन गरेको छ–राज्य संलग्न द्वन्द्व, गैर-राज्य द्वन्द्व र नागरिकमाथि एकतर्फी हिंसा ।

क्षेत्रीय विश्लेषणअनुसार अफ्रिका सबैभन्दा बढी प्रभावित भए पनि एसिया र मध्यपूर्वमा पनि द्वन्द्व तीव्र बनेका छन् । अमेरिकामा केही क्षेत्रमा हिंसात्मक घटनामा वृद्धि देखिएको छ भने युरोपमा रुस-युक्रेन युद्धका कारण अस्थिरता कायमै रहेको प्रतिवेदनले जनाएको छ ।

इजरायललाई लिएर गरिएको विश्लेषणमा गाजा, सिरिया, लेबनान, इरान र हुथी विद्रोहीविरुद्धका विभिन्न सैन्य कारबाहीका कारण उक्त देश हाल विश्वका सबैभन्दा आक्रामक सैन्य सक्रियतामा रहेकोमध्ये एक भएको टिप्पणी गरिएको छ ।

त्यसैगरी संयुक्त राज्य अमेरिकाको सन्दर्भमा राष्ट्रपति डोनाल्ड ट्रम्पको पुनरागमनपछि हिंसा र सैन्य-आर्थिक दबाब दुवै बढेको टिप्पणी गरिएको छ । रुस्तादका अनुसार बढ्दो व्यापार अवरोध र अन्तर्राष्ट्रिय सहकार्य कमजोर हुँदा विश्व थप ध्रुवीकृत बन्दै गएको छ ।

उहाँले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद् प्रभावहीन बन्दै गएको र अन्तर्राष्ट्रिय सहकार्यमा कमी आउँदा विश्वव्यापी द्वन्द्व नियन्त्रण झन् कठिन हुँदै गएको पनि उल्लेख गर्नुभयो ।

# साना परविनको उत्कृष्ट प्रदर्शन जारी



**दैनिक समाचारदाता राजविराज, २६ जेठ ।**
मधेश प्रदेशकी प्रतिभाशाली ओपनर साना परविन ले यू-१९ महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शनलाई निरन्तरता दिँदै प्रतियोगिताको दोस्रो अर्धशतक प्रहार गरेकी छन् ।

बागमती प्रदेशविरुद्धको महत्वपूर्ण खेलमा सानदार ब्याटिङ गर्दै साना परविनले मधेशलाई जित दिलाउन महत्वपूर्ण भूमिका निर्वाह गरिन् ।

उनको उत्कृष्ट इनिङ्सको मद्दतले मधेश प्रदेशले प्रतिस्पर्धात्मक लक्ष्य सहज रूपमा पूरा गर्दै महत्वपूर्ण जित हात पार्यो ।

प्रतियोगितामा लगातार राम्रो लयमा रहेकी परविनले हालसम्म खेलेका ३ खेलबाट १६४ रन बनाएकी छन् । यससँगै उनी प्रतियोगिताकी सर्वाधिक रनकर्ता (टप रन स्कोरर) बन्न सफल भएकी छन् ।

क्रिकेटप्रेमी तथा खेलकुदकर्मीहरूले साना प्रविनको प्रदर्शनको प्रशंसा गर्दै आगामी खेलहरूमा पनि यस्तै उत्कृष्ट लय कायम राख्न शुभकामना व्यक्त गरेका छन् ।

# लिटिल एन्जल, म्याक्सेल, नरेन्द्र ममोरियल र ग्लोबल बिजयी

**दैनिक समाचारदाता राजविराज, २६ जेठ ।**
राजविराजमा संचालित जिल्लास्तरीय अन्तर विद्यालय टी-२० क्रिकेट छनोट प्रतियोगिता अन्तर्गत मंगलबार सम्पन्न विभिन्न खेलहरुमा लिटिल एन्जल, म्याकसेल, नरेन्द्र ममोरियल र ग्लोबल बिजयी भएका छन् ।

राजबिराजस्थित पविमाविको क्रिकेट मैदानमा सम्पन्न पहिलो खेलमा श्रृजना स्कुललाई १ सय ३४ रनले पराजित गर्दै लिटिल एन्जल बिजयी भएको छ भने दोस्रो खेलमा वीसडमलाई ६१ रनले पराजित गर्दै म्याक्सेल बिजयी भएको हो ।

सप्तरी क्रिकेट संघको समन्वय तथा सबल नेपालको आयोजनामा संचालित उक्त प्रतियोगिताको तेस्रो खेलमा नोवेल एकेडेमीलाई ९ बिकेट पराजित गर्दै नरेन्द्र मेमोरियल तथा चौथो खेलमा पविमाबिलाई ६ बिकेटले पराजित गर्दै ग्लोबल स्कुल बिजयी भएको आयोजक समितिले जनाएको छ ।


नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज

चलानी नं. ११४३०२ भूमि प्रशासन कार्यालय सप्तरी, राजविराज
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:
मिति: २०८३।२।१८

विषय : छुटदर्ता ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

रामजानकी ज्यु दर्ता रहेको साविक प्रगना :पकरी मौजा रैन विषहरिया हाल तपसिल बमोजिम नापी भएको जग्गा गा.पि.व विषहरिया - ४क कि.नं. १६९ को २-६-६ गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. विषहरिया वार्ड नं. ४ बसने श्री हाल राजविराज न.पा. वडा नं १३. को द.नं. १५२४४ मिति २०८२।१०।२ मा निवेदन परी श्री रामजानकी हकदावीको सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३।०२।६ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुटदर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| विषहरिया | ४क | १६९ | २-६-६ (दुई बिगाहा ६ कठा) साढे छुर | श्री रामजानकी ज्यु | जग्गाधनी महन्थ रामजानकी ज्यु जानिएको । |


# रास्वपाद्वारा मधेस प्रदेश अधिवेशनका गतिविधि स्थगन

काठमाडौं, २६ जेठ (रासस) ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मधेस प्रदेश अधिवेशनसँग सम्बन्धित सम्पूर्ण गतिविधि अर्को सूचना नभएसम्मका लागि स्थगित गरेको छ ।

रास्वपा केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीले मंगलबार यहाँ विज्ञप्ति जारी गरी अधिवेशनका सम्पूर्ण प्रक्रिया तत्कालका लागि स्थगित गरेको जानकारी दिनुभयो ।

निर्वाचन आयोगले पार्टीको विधान, २०७९ (तेस्रो संशोधनसहित)को दफा ४१ तथा दफा ४९ बमोजिम प्राप्त अधिकार प्रयोग गरी यस्तो निर्णय गरेको प्रमुख केसीले बताउनुभयो ।

मधेस प्रदेश अधिवेशनलाई निष्पक्ष, पारदर्शी, विश्वसनीय र विधिसम्मत ढङ्गले सम्पन्न गर्न सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिएकाले हाललाई सबै गतिविधि अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको निर्वाचन आयोगले जनाएको छ ।

उक्त निर्णयसँगै प्रतिनिधि छनोट प्रक्रिया, निर्वाचन कार्यक्रम र कार्यतालिका, उम्मेदवारी दर्ता प्रक्रिया, चुनावी प्रचारप्रसार, बैठक, भेला तथा अधिवेशन आयोजनासँग सम्बन्धित अन्य सम्पूर्ण काम रोकिएका छन् ।

मधेस प्रदेशमा अधिवेशन पुनः सञ्चालन हुने मिति, समय तथा संशोधित कार्यतालिकाबारे केन्द्रीय निर्वाचन आयोगबाट आधिकारिक रूपमा पछि जानकारी गराइने बताइएको छ ।

आयोगले अर्को निर्देशन जारी नभएसम्म मधेस प्रदेशमा अधिवेशनसँग सम्बन्धित कुनै पनि नयाँ गतिविधि सञ्चालन नगर्न सम्बन्धित सबै पक्षलाई आग्रहसमेत गरेको छ ।

# 'बर्डफ्लु' नियन्त्रणका लागि 'द्रुत कार्य टोली' परिचालन

काठमाडौं, २६ जेठ (रासस) ।
सरकारले बर्डफ्लु प्रभावित क्षेत्रमा रोग नियन्त्रण र अन्यत्र फैलिन नदिन आकस्मिक कार्य सुरु गरेको छ ।

पशुसेवा विभागका महानिर्देशक डा उमेश दाहालले रोग पुष्टि भएका १० जिल्लामा ७२ फार्मका करिब पाँच लाख १५ हजार पन्छी नष्ट गरिएको जानकारी दिनुभयो । सबैभन्दा बढी लेयर्स कुखुरा र स्थानीय जातका कुखुरा बढी प्रभावित देखिएका छन् ।

सरकारको निर्देशनअनुसार खटिएको 'द्रुत कार्य टोली' ले सात लाख अण्डा र एक सय ८३ टन दाना पनि नष्ट गरेको उहाँले बताउनुभयो ।

दाहालका अनुसार केही सातअघि झापा, मोरङ, सुनसरी जिल्लामा देखिएको बर्डफ्लुपछि महोत्तरी, बारा, चितवन हुँदैपछि काठमाडौं, भक्तपुर, ललितपुर र पछिल्लो समय नवलपरासी जिल्लामा बर्डफ्लु फैलिएको छ । "यसको उपचार नै छैन । एकमात्र उपाय रोग देखिनासाथ जतिसक्दो छिटो नियन्त्रण गरेर फैलन नदिनु हो । त्यसैले पन्छीजन्य उत्पादन नष्ट गर्नुको विकल्प छैन । त्यसैले रोग नियन्त्रणका लागि पशु चिकित्सक र पशु स्वास्थ्यकर्मी अहोरात्र खटिएका छन्", उहाँले भन्नुभयो ।

पछिल्लो समय काठमाडौं उपत्यका बर्डफ्लुको जोखिममा छ । चितवन र मुलुकका अन्य भागमा भने करिब करिब रोग नियन्त्रणमा आइसकेको पौडेलले जानकारी दिनुभयो ।

थप सङ्क्रमण नहोस् भन्नका लागि प्रभावित क्षेत्रको सम्पूर्ण पन्छीजन्य उत्पादन नष्ट भएको करिब दुईमहिना पछि मात्रै व्यवसाय पुनः सुरु गर्न पाउने व्यवस्था रहेको पनि उहाँले जानकारी दिनुभयो ।

**किसानलाई राहत**

बर्डफ्लु नियन्त्रण नियमावली, २०७८ अनुसार यसरी पन्छीजन्य उत्पादन नष्ट गरिएका किसानलाई लागत मूल्यको ७५ प्रतिशत राहत दिने व्यवस्था गरिएको छ । लागत मूल्य जिल्लाअनुसार फरक पर्नसक्ने भएकाले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलगायत उच्च पदाधिकारीको बैठकले निर्णय गर्ने गरिएको महानिर्देशक दाहालले बताउनुभयो ।


दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९ , सप्तरी

मिति :-२०८३।०२।२६

### ऋण बुझाउने ३५ दिने सार्वजनिक सुचना

यस जन ज्योती कृषि सहकारी संस्था लि. राजबिराज ९ मलेठ सप्तरीबाट बिभिन्न मिति तथा उद्देश्यमा ऋण लिएका तपशिलका सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवाको लाग्ने व्याज तथा हर्जना रकम नबुझाएकोले निजहरुलाई पटक पटक मौखिक तथा लिखित पत्राचार गरि सकिएको तत्पश्चात पनि ऋण नबुझाई अटेर गरेको हुदाँ निजहरुलाई ऋण बुझाउन आउन ३५ दिने अन्तिम पटक सार्वजनिक सुचना जारी गरिएको छ । उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ । सो नगरिएमा सहकारी ऐन २०७४ को दफा ७९,८३ र सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको विनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिक्री गरी असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

| क्र.स. | ऋणीको नाम, थर | ठेगाना | बुवा/पति | बाजे/ससुरा | ऋणको उद्देश्य |
|---|---|---|---|---|---|
| १. | श्री कुमार चौधरी | अग्निसाईर कृष्णा सवरण ३ हरिहरपुर सप्तरी | लखेन्द्र प्रसाद चौधरी | घोती लाल चौधरी | कृषि ऋण |
| २. | प्रमेश्वरी देवी खंग | राजविराज न.पा. ९ विहारपुर | विहारी खंग | सुकराती खंग | कृषि व्यपार |
| | | | | | |


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८३३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*